नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
धनकुटा

फोन नं.:- ५-२०१३१
५-२०१३२
५-२१६३१
फ्याक्स नं.०२६-५२०६९६
Email-daodhankuta.moha.gov.np

पत्र संख्या :- २०७५/७६/नागरिकता
चलानी नम्बर :- ४६५

मिति :-२०७५/०५/१८

विषय :- नागरिकता प्रमाण-पत्रको सिफारिश सम्वन्धमा ।

श्री धनकुटा नगरपालिका कार्यालय, धनकुटा
श्री महालक्ष्मी नगरपालिका कार्यालय, जितपुर
श्री चौबिसे गाउँपालिका कार्यालय, राजारानी
श्री साँगुरीगढी गाउँपालिका कार्यालय, भेडेटार
श्री छथर जोरपाटी गाउँपालिका कार्यालय, जोरपाटी
श्री सहिदभूमि गाउँपालिका कार्यालय, छिन्ताङ्ग

उपरोक्त सम्वन्धमा यस कार्यालयबाट विगत २०६९/०२/१३ गतेबाट CCDS तथा २०६९/०८/१३ बाट CIMS प्रणालीबाट नागरिकता प्रमाण-पत्र वितरण भएको र उक्त प्रणालीमा सम्वन्धित व्यक्तिले पेश गरेको प्रमाण कागजातहरु समेत सोही प्रणालीमा प्रविष्टि गरिने हुँदा यस कार्यालयमा पेश हुने प्रमाण कागजातहरु स्पष्ट बुझिने तथा निम्न बूँदाहरुमा उल्लेख भए वमोजिम अनिवार्य रुपमा पालना गरि त्यस कार्यालय तथा सम्वन्धित वडा कार्यालयबाट नागरिकता प्रमाण-पत्रको सिफारिश गरेर मात्र पठाउने व्यवस्था हुन अनुरोध छ ।

(१) सिफारिश अनुसूची A4 साइजको, स्तरिय नेपाली कागज तथा नागरिकता नियमावलीमा उल्लेखित अंग्रेजी नेपाली दुवैमा लेखिएको हुनुपर्नेछ ।

(२) हालसालै खिचेको, दुवै कान देखिने २.५×३ से.मी.साइजको फोटो मात्र टाँसी सिफारिश गरि पठाउनु पर्नेछ । साथै जुन फोटो अनुसूचीमा प्रमाणित गरेको हो, सोही फोटो नागरिकता प्रमाणपत्रको लागि २ प्रति समेत संलग्न राखि पठाउनुपर्नेछ ।

(३) सिफारिशसाथ वावु/आमाको नागरिकता प्रमाण-पत्र, जन्ममिति खुल्ने प्रमाण, सनाखतमा बस्ने व्यक्ति (तीनपुस्ते भित्रको) को ना.प्र.प., समेतका कागजातको सक्कल र प्रतिलिपिहरु साथ लिई पठाउने ।

(४) सिफारिश गर्ने व्यक्तिको नाम, थर, पद र मोवाइल नं.समेत अनिवार्य रुपमा खुलेको हुनुपर्नेछ ।

(५) वसाई सरी आएको भए सोको प्रमाणको सक्कल र फोटोकपि ।

(६) नयाँ नागरिकता प्रमाणपत्रको लागि रु.१०/-र प्रतिलिपि नागरिकता प्रमाण-पत्रको लागि रु.१३/-को हुलाक टिकट अनुसूचिको सिरानमा टाँसिएको हुनुपर्नेछ ।

(७) विवाह गरि आएको महिलाको हकमा माइतीको वावु/आमा/दाजुभाइ/अविवाहिता दिदीवहिनी मध्ये एकको सक्कल नागरिकता र सोको फोटोकपि र जन्म खुल्ने जन्मदर्ता प्रमाण-पत्र र शैक्षिक प्रमाणपत्र/विवाह दर्ता प्रमाण-पत्रको सक्कल नक्कल दुवै पेश गर्नुपर्नेछ ।

(८) नागरिकता प्रमाण-पत्रको प्रतिलिपिको लागि सिफारिश गर्दा ना.प्र.प.नम्वर र जारी मिति खुल्ने प्रमाण संलग्न राखि पठाउनु पर्नेछ ।

वोधार्थ :-
श्री जिल्ला समन्वय समितिको कार्यालय
धनकुटा ।

०७५/५/१९
सुधिर माफी
... अधिकृत